# माननीय अर्थ मन्त्री श्री युवराज भट्टराईले मधेश प्रदेश सभामा प्रस्तुत गर्नु भएको मधेश प्रदेश विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकता


मधेश प्रदेश सरकार

**अर्थ मन्त्रालय**

जनकपुरधाम, नेपाल

जेष्ठ, २०८३

**www.mof.madhesh.gov.np**

## मधेश प्रदेश विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकता

माननीय सभामुख महोदय,

१. मधेश प्रदेशको यस गरिमामय प्रदेश सभामा प्रदेश आर्थिक कार्यविधि ऐनको व्यवस्था बमोजिम सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास तथा प्रादेशिक स्वायत्तताको सबलीकरणलाई आत्मसात् गर्दै, मधेश प्रदेश सरकारको अर्थमन्त्रीको हैसियतमा आगामी आर्थिक वर्ष २०८३/८४ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता यस गरिमामय सभासमक्ष प्रस्तुत गर्न उपस्थित भएको छु।

२. मधेशी, आदिवासी, दलित, जनजाति, महिला, मुस्लिम, थारु तथा सीमान्तकृत समुदायहरूले समतामूलक समाज निर्माणका लागि गरेको त्यागलाई स्मरण गर्दै, उहाँहरूले देखेको समृद्धिको सपनालाई साकार पार्ने सङ्कल्प यसमा अन्तर्निहित छ।

३. प्रदेशभित्र उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग, लगानीमैत्री वातावरणको निर्माण र उत्पादनशील क्षेत्रमा पुँजी परिचालनमार्फत फराकिलो र दिगो आर्थिक वृद्धिको बलियो आधार तयार गर्ने दिशामा आगामी बजेट केन्द्रित हुनेछ। यसका साथै, सीमान्तकृत समुदाय र विपन्न वर्गलाई लक्षित गरी सञ्चालन गरिने विशेष आर्थिक सशक्तीकरणका प्याकेजमार्फत प्रदेशको बहुआयामिक गरिबी दरलाई उल्लेख्य रूपमा घटाउने प्रमुख लक्ष्य राखिएको छ।

४. सुशासन र न्याय, रोजगारमूलक आर्थिक वृद्धि तथा गुणस्तरीय सार्वजनिक सेवा र समान अवसरलाई केन्द्रमा राख्दै बजेट निर्माणको क्रममा हामी छौं। आर्थिक वर्ष २०८३/८४ को मधेश प्रदेशको नीति तथा कार्यक्रमलाई प्रमुख मार्गदर्शनको रूपमा लिंदै गत वर्षका कमीकमजोरी नदोहोरिने गरी सङ्घीय र प्रादेशिक ढाँचाको एकीकृत स्वरूपमा देहायका सिद्धान्त र प्राथमिकताहरू तय गरेको छु।

**विनियोजन विधेयक, २०८३ का मार्गदर्शक सिद्धान्तहरू:**

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा सङ्घीय सरकारको नीतिगत ढाँचा र मधेश प्रदेशको विशिष्ट आवश्यकतालाई संयोजन गरी देहायका बृहत् सिद्धान्तहरू अवलम्बन गरिनेछः

## (क) सुशासनको लाभांश र प्रविधिमैत्री प्रशासन

५. सुशासनलाई नागरिकले प्रत्यक्ष अनुभूत गर्ने राज्यको नैतिक वैधता, सेवा दक्षता र आर्थिक सामर्थ्यका रूपमा स्थापित गरिनेछ। राज्यलाई उत्तरदायी र प्रविधिमैत्री बनाउँदै सुशासनको प्रत्यक्ष लाभ नागरिकको दैनिक जीवनमा अनुभूत हुने गरी शासकीय सुधारको शृङ्खला कार्यान्वयन गरिनेछ। सार्वजनिक सेवा प्रवाहलाई छिटोछरितो, पारदर्शी र नागरिकमैत्री बनाउन सूचना प्रविधिको अधिकतम उपयोग गर्दै 'एकीकृत डिजिटल सेवा प्रवाह' प्रणालीलाई सुदृढ गरिनेछ र बिचौलियाको अन्त्य गर्न तथा नागरिकलाई लाइन बस्नुपर्ने झन्झटबाट मुक्त गर्न 'कागजविहीन, लाइनरहित र अनुहाररहित' (Paperless, Queueless and Faceless) सेवा सुनिश्चित गर्ने सिद्धान्त लिइनेछ।

## (ख) अर्थतन्त्रको पुनः संरचना र आत्मनिर्भरता

६. प्रदेशमा उच्च, फराकिलो र तीव्र आर्थिक वृद्धि हासिल गर्दै पर्याप्त रोजगारी सिर्जना गर्नु अर्थतन्त्र पुनःसंरचनाको मूल लक्ष्य हुनेछ। आयातमूलक उपभोगमा आधारित अर्थतन्त्रलाई उत्पादन, उत्पादकत्व, नवप्रवर्तन र निर्यातमा आधारित प्रतिस्पर्धी अर्थतन्त्रमा रूपान्तरण गरिनेछ। "मेड ईन मधेश, समृद्ध प्रदेश" भन्ने नारालाई मध्यनजर गर्दै "उत्पादनशील मधेश, आत्मनिर्भर देश" अभियानलाई केन्द्रमा राखी कृषि र उद्योगलाई प्रादेशिक अर्थतन्त्रको मेरुदण्डका रूपमा विकास गरिनेछ र नवप्रवर्तन, उद्यमशीलता र स्टार्टअप संस्कृतिलाई उत्पादन र रोजगारीसँग आबद्ध गर्न उपयुक्त वित्तीय साधन परिचालन गर्ने सिद्धान्त अवलम्बन गरिनेछ।

## (ग) सन्निकटताका लागि एकीकृत र दिगो पूर्वाधार

७. सन्निकटता (connectivity) ले भूगोल र बस्तीबीच मात्र होइन, उत्पादन, बजार, सेवा र अवसरबीचको दूरी न्यूनीकरण गर्दै आर्थिक-सामाजिक अन्तरसम्बन्ध सुदृढ गर्दछ। सडक, ऊर्जा, शहरी तथा डिजिटल पूर्वाधारलाई एकीकृत दृष्टिकोणका साथ विकास गर्दै टुक्रे आयोजनालाई निरुत्साहित गरी दीर्घकालीन महत्त्वका 'प्रादेशिक गौरव र बहुवर्षीय आयोजनाहरू' मा स्रोत केन्द्रित गरिनेछ र जलवायु परिवर्तन, पर्यावरणीय सन्तुलन र विपद् जोखिमलाई मध्यनजर गर्दै उत्थानशील पूर्वाधार विकासको अवधारणा अवलम्बन गरिनेछ।

## (घ) सर्वव्यापी सामाजिक उन्नयन र मानव पुँजी विकास

८. गुणस्तरीय शिक्षा, स्वास्थ्य, पोषण र सीपमा समान पहुँच सुनिश्चित गर्दै सक्षम मानव पूँजी विकास गरिनेछ। "स्वस्थ नागरिक, समृद्ध प्रदेश" निर्माणलाई केन्द्रमा राखी समतामूलक समाज निर्माणका लागि सीमान्तकृत वर्गको समग्र सशक्तीकरण गर्दै शिक्षा प्रणालीलाई उत्पादन, उद्यमशीलता, नवप्रवर्तन र श्रम बजारसँग आबद्ध गरी प्राविधिक तथा व्यावसायिक शिक्षामा लगानी बढाइनेछ। संरचनागत असमानता, बहिष्करण र अवसरको असन्तुलन न्यूनीकरण गर्दै महिला, युवा, दलित र अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक रूपान्तरण सुनिश्चित गरिनेछ।

## (ङ) कठोर वित्तीय अनुशासन, मितव्ययिता र नतिजामुखी बजेट

९. परम्परागत बजेट विनियोजन प्रणालीलाई विस्थापित गर्दै हरेक मन्त्रालयको बजेटलाई सोझै उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारणको लक्ष्यसँग आबद्ध गरिनेछ। एक करोडभन्दा कमका योजनामा बजेट नछर्ने र अनुत्पादक खर्च कटौती गरी पुँजीगत निर्माणमा लगाउने रणनीति अख्तियार गर्दै आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्वलाई प्रदेश सुशासनको मूल

आधार मानेर नवीन बेरुजु उत्पन्न हुन नदिने 'शून्य बेरुजु' को नीतिलाई कडाइका साथ लागू गरिनेछ।

### (च) अन्तर-तह समन्वय

१०. मधेश प्रदेशको आर्थिक तथा सामाजिक विकासलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लक्ष्यहरूसँग आबद्ध गर्न आगामी बजेटलाई १६औं पञ्चवर्षीय योजनाले तय गरेका राष्ट्रिय लक्ष्य र दिगो विकास लक्ष्य (SDGs) का सूचकहरूसँग तादात्म्य कायम गरिनेछ। यसले प्रदेशको सीमित स्रोतसाधन र लगानीलाई नतिजामुखी बनाउनुका साथै गरिबी निवारण, असमानता न्यूनीकरण र दिगो आर्थिक वृद्धिको दिशामा सङ्घीय तथा स्थानीय सरकारसँगको सहकार्यलाई थप कसिलो र प्रभावकारी बनाउनेछ।

११. सङ्घीयताको मर्मअनुरूप सङ्घ, प्रदेश र स्थानीय तहबीचको अर्थपूर्ण समन्वय र सहकार्यलाई घनीभूत बनाउँदै स्थानीय तहसँगको समन्वयमा 'एकीकृत बजेट म्यापिङ प्रणाली' लागू गरिनेछ।

## विनियोजन विधेयक, २०८३ का क्षेत्रगत प्राथमिकताहरू

सभामुख महोदय,

माथि उल्लिखित सिद्धान्तहरूलाई मूर्त रूप दिन मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यको आधारमा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि देहायका क्षेत्रगत प्राथमिकताहरू निर्धारण गरेको छुः

### (क) कृषि रूपान्तरण, आधुनिकीकरण र भूमि व्यवस्थापनः

१२. धान, गहुँ, मकै, कोदो, तेलहन र दलहन बालीको बीउमा प्रदेशलाई पूर्ण रूपमा आत्मनिर्भर बनाउन बिज प्रवर्द्धन परियोजना सञ्चालन गरिनेछ। कृषि अनुदान प्रणालीलाई पारदर्शी र नतिजामुखी बनाउन बिचौलिया संयन्त्र खारेज गरी डिजिटल किसान परिचयपत्र मार्फत वास्तविक उत्पादनका आधारमा कृषकहरूको बैङ्क खातामा सिधै प्रोत्साहन रकम जम्मा गरिनेछ।

१३. मखान खेतीको व्यावसायिक विकास, प्रशोधन, र ब्रान्डिङ गर्न विशिष्टीकृत जोन निर्माण गरिनेछ भने उखु किसानहरूका लागि मल, बीउ र आधुनिक उपकरणमा सहुलियत दिन उखु खेती उत्पादन सुधार परियोजना लागू गरिनेछ। माटोको स्वास्थ्य सुधार गर्न माटो परीक्षण घुम्ती प्रयोगशाला सञ्चालन गरिनुका साथै स्थानीय स्तरमा प्राङ्गारिक र जैविक मल उत्पादन गर्ने कृषक समूहलाई विशेष अनुदान दिइनेछ।

१४. कृषि उत्पादन लागत घटाउन सिँचाइमा प्रयोग हुने विद्युत् महसुलमा सहुलियतपूर्ण अनुदान दिने व्यवस्था मिलाइनेछ। साना तथा सीमान्तकृत किसानलाई लक्षित गरी अनुदानमा सौर्य ऊर्जामा आधारित भूमिगत सिँचाइ कार्यक्रम विस्तार गरिनेछ। यसका साथै, कृषि प्रसार तथा प्रवर्द्धनमा किसानहरूलाई आवश्यक सहयोग पुऱ्याउन महिला कृषि स्वयंसेवक परिचालन गरिनेछ।

१५. कृषकले उत्पादन गरेका वस्तु खेर जाने अवस्था अन्त्य गर्न स्थानीय तहमा कृषि सङ्कलन केन्द्र, चिस्यान केन्द्र र दूध चिस्यान केन्द्र स्थापना गरिनुका साथै कृषि एम्बुलेन्स सञ्चालनमा विशेष अनुदान दिइनेछ। बाँझो जमिनलाई उत्पादनमूलक कार्यमा लगाउन प्रदेश भूमि बैङ्कको अवधारणा अगाडि बढाउँदै जग्गा चक्लाबन्दी र सहकारी खेती कार्यक्रम लागू गरिनेछ।

## (ख) उद्योग, नवप्रवर्तन, उद्यमशीलता र रोजगारी सिर्जनाः

१६. युवाहरूमा रहेको नवीन सोचलाई समेट्दै उत्कृष्ट व्यावसायिक योजना भएका नवउद्यमीहरूलाई प्रवर्द्धन गर्न मधेश स्टार्ट-अप फण्ड तथा नवप्रवर्तन मधेश फन्ड स्थापना गरिनेछ। यस फन्डमार्फत युवाहरूलाई व्यवसाय सञ्चालनका लागि बीउ पुँजी, मेन्टरसिप र बिना धितो सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ।

१७. युवाहरूलाई देशभित्रै बसेर काम गर्ने वातावरण मिलाउन फ्रिल्यान्सिङ र आउटसोर्सिङलाई प्रोत्साहन गर्दै प्रविधिमैत्री इन्कुबेसन सेन्टर स्थापना गरिनेछ र ई-कमर्स तथा अनलाइन मार्केटिङ तालिम सञ्चालन गरी नयाँ डिजिटल उद्यमी तयार गरिनेछ। प्रदेशभित्र नयाँ उत्पादनमूलक उद्योग स्थापना गर्ने लगानीकर्ताहरूलाई कर तथा जग्गा रजिस्ट्रेसन शुल्कमा विशेष

छुट दिँदै एकद्वार प्रणाली मार्फत दर्ता र नवीकरणका कार्य अनलाइनबाट गरिने व्यवस्था मिलाइनेछ।

१८. मधेशका व्यावसायिक उत्पादनहरूलाई आफ्नै ब्रान्डअन्तर्गत प्रशोधन र प्याकेजिङ व्यवस्था मिलाइनेछ। घरेलु तथा साना उद्योगका उत्पादनलाई बजार सुनिश्चित गर्न प्रदेश सरकारका निकायहरूले स्वदेशी तथा प्रादेशिक वस्तु उपयोग अनिवार्य गर्ने र मूल्य प्राथमिकता सम्बन्धी कानुनी व्यवस्था गरिनेछ।

१९. बेरोजगार जनशक्तिको यकिन तथ्याङ्क सङ्कलन गरी अनलाइन प्रादेशिक श्रम बैङ्क स्थापना गरिनेछ र विकास निर्माणमा यही जनशक्ति परिचालन अनिवार्य गर्ने व्यवस्था मिलाइनेछ। वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको अनुभवलाई स्वदेशमै सदुपयोग गर्न रिटर्नी सीप-पुँजी परिचालन कार्यक्रम सञ्चालन गरिनेछ।

## (ग) शिक्षा, सीप विकास र प्राज्ञिक उत्कृष्टताः

२०. विपन्न र सीमान्तकृत समुदाय लक्षित सघन साक्षरता अभियान सञ्चालन गरिनेछ। विद्यार्थीको बिचैमा कक्षा छाड्ने दर रोक्न सङ्घीय सरकारको दिवा खाजा कार्यक्रममा प्रदेश सरकारबाट थप अनुदान दिई पोषणयुक्त स्थानीय उत्पादनमा आधारित खाजा खुवाउन अनिवार्य गरिनेछ।

२१. शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि विज्ञान र प्रविधि पद्धतिमा आधारित तालिम सञ्चालन गरिनुका साथै विद्यालयहरूमा प्रविधिमैत्री बोर्ड जडान गरिनेछ। एक जिल्लाको एउटा विद्यालयलाई आवासीय नमुना विद्यालयको रूपमा स्तरोन्नति गरी विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याब स्थापना गरिनेछ।

२२. स्थानीय तहमा प्राविधिक शिक्षालयको नीतिलाई प्रभावकारी रूपमा अघि बढाइनेछ। 'बेटी पढाऊ, बेटी बचाऊ' अभियानलाई परिमार्जन गर्दै विज्ञान र प्रविधि विषयमा छात्राहरूको आकर्षण बढाउन विशेष प्रोत्साहन छात्रवृत्ति प्रदान गरिनेछ।

२३. मधेश विश्वविद्यालय र कृषि विश्वविद्यालयको सुदृढीकरण गर्दै अनुसन्धान तथा विकासका लागि छुट्टै कोष स्थापनाको सिद्धान्तअनुरूप प्राज्ञिक क्षेत्रलाई

उद्योगसँग जोड्ने नीति लिइनेछ। प्रदेशको समृद्ध भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण गर्न प्राज्ञिक प्रतिष्ठानलाई साधनस्रोत सम्पन्न बनाइनेछ।

## (घ) स्वास्थ्य सेवा, जनसङ्ख्या र सामाजिक न्यायः

२४. नागरिकले विशिष्टीकृत उपचारका लागि बाहिर जानुपर्ने बाध्यता अन्त्य गर्न प्रादेशिक अस्पतालहरूलाई गम्भीर रोगको उपचार सेवासहितको सुविधासम्पन्न शिक्षण अस्पतालमा स्तरोन्नति गरिनेछ। यसैगरी अस्पतालहरूमा ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिका लागि छुट्टै विशिष्टीकृत उपचार युनिट स्थापना गरिनेछ।

२५. स्थानीय तहको सहलागतमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरिनेछ। अति विपन्न, दलित र सीमान्तकृत समुदायको स्वास्थ्य बीमाको प्रिमियम प्रदेश सरकारले बेहोर्ने गरी पूर्ण स्वास्थ्य बीमा कभरेज अभियान लागू गरिनेछ।

२६. मातृ-शिशु स्वास्थ्य प्रवर्द्धन गर्दै पोषण कोसेली कार्यक्रमलाई प्रभावकारी बनाइनेछ। यसका अतिरिक्त महिलाहरूको स्वास्थ्य रक्षाका लागि निःशुल्क क्यान्सर परीक्षण घुम्ती शिविर सञ्चालन गरिनेछ।

२७. टेलिमेडिसिन सेवा विस्तार गरिनुका साथै सबै एम्बुलेन्सहरूलाई ट्र्याकिङ प्रणालीमा आबद्ध गरी एकीकृत प्रेषण केन्द्र सञ्चालन गरिनेछ।

२८. महिलाहरूको लागि स्वरोजगार कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ भने सडकआश्रित मानवहरूको उद्धारका लागि सुरक्षित आवास निर्माण गरिनेछ र न्यायमा पहुँच नभएका नागरिकका लागि निःशुल्क कानुनी सहायता डेस्क स्थापना गरिनेछ।

२९. बढ्दो लागुऔषध दुर्व्यसन र मानसिक स्वास्थ्य समस्या न्यूनीकरणका लागि विद्यालयहरूमा योग तथा ध्यान अभियान सञ्चालन गरिनेछ।

## (ङ) दिगो भौतिक पूर्वाधार, यातायात र ऊर्जाः

३०. विस्तृत सम्भाव्यता अध्ययन पूरा नभएका नयाँ योजनामा बजेट निषेध गरिनेछ र साना टुक्रे योजनाहरूलाई पूर्ण रूपमा रोक लगाइनेछ। सम्पूर्ण

सडक, पुल र भवनका योजनालाई बहुवर्षीय प्रादेशिक पूर्वाधार गुरुयोजनामा समावेश गरी कार्यान्वयन गरिनेछ।

३१. प्रमुख राजमार्गहरूलाई जोड्ने उत्तर-दक्षिण सडक सञ्जालहरूको स्तरोन्नति गरी कृषि कोरिडोरको रूपमा विकास गरिनेछ। प्रादेशिक सडक सञ्जाल अन्तर्गत बाह्रै महिना चल्ने पक्की पुल निर्माण कार्यलाई निरन्तरता दिँदै सडक मर्मतका लागि द्रुत टोली परिचालन गरिनेछ।

३२. वातावरण प्रदूषण कम गर्न सार्वजनिक यातायातमा विद्युतीय सवारीलाई विशेष प्रोत्साहन गर्दै स्मार्ट प्रादेशिक बसपार्क निर्माण गरिनेछ। यातायात व्यवस्था कार्यालयका सेवाहरूलाई बिचौलियामुक्त बनाउन पूर्ण रूपमा अनलाइन प्रणालीमा रूपान्तरण गर्दै सार्वजनिक-निजी साझेदारीमा भेइकल फिटनेश टेष्टिङ्ग सेन्टर र अटोमेटेड ड्राइभिङ टेस्ट ट्र्याक (Automated Driving test track) सम्बन्धी व्यवस्था गरिनेछ।

३३. निर्माण हुने सार्वजनिक संरचनाहरू अपाङ्गतामैत्री, भूकम्प प्रतिरोधी र हरित भवन मापदण्ड अनुरूप बनाउँदै राजधानीमा प्रादेशिक प्रशासनिक केन्द्र निर्माणको कार्यलाई द्रूत गतिमा अगाडि बढाइनेछ। स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गर्न गाउँगाउँमा भूमिगत पानी निकाल्ने प्रविधि र आर्सेनिकमुक्त अभियान सञ्चालन गरी धारा जडान गरिनुका साथै सरकारी कार्यालयमा स्वच्छ सौर्य ऊर्जा प्रणाली जडान गरिनेछ।

## (च) पर्यटन प्रवर्द्धन, वन र वातावरण संरक्षणः

३४. ऐतिहासिक स्थलहरूलाई खुला सङ्ग्रहालयको अवधारणामा विकास गरिनेछ भने चुरे शृङ्खलाको फेदीमा पर्या-पर्यटन प्रवर्द्धन गर्न पदमार्ग निर्माण गरिनेछ। प्रमुख धार्मिक स्थलहरू जोडेर धार्मिक तथा सांस्कृतिक पर्यटन सर्किट निर्माण गर्दै सीमापार पर्यटन प्रवर्द्धन गरिनेछ।

३५. विकास निर्माणमा काटिने रुखको शोधभर्ना गर्ने सङ्कल्पलाई कडाइका साथ कार्यान्वयन गरिनेछ। वन अतिक्रमण रोक्न र हरियाली बढाउन खाली वन क्षेत्रमा कबुलियती वन र कृषि वन कार्यक्रम सञ्चालन गरिनेछ।

३६. निरन्तर घट्दो भूमिगत जलस्तरलाई सन्तुलनमा राख्न सङ्घ र स्थानीय तहको साझेदारीमा चुरे संरक्षण तथा जल पुनर्भरण ड्याम निर्माण कार्यक्रमलाई

उच्च प्राथमिकता दिइनेछ। प्लास्टिक मुक्त अभियान सञ्चालन गर्दै जैविक फोहोरबाट मल उत्पादन गर्ने कार्यक्रम लागू गरिनेछ र सहरी सौन्दर्यका लागि इको-पार्क निर्माण गरिनेछ।

३७. मधेश प्रदेशले बर्सेनि भोग्दै आएको बाढी, डुबान, खडेरी र शीतलहर जस्ता प्राकृतिक विपद्को दीर्घकालीन समाधानका लागि 'जलवायु उत्थानशील विकास' को अवधारणालाई सम्पूर्ण आयोजनाहरूमा मूलप्रवाहीकरण गरिनेछ। पूर्वसूचना प्रणालीको आधुनिकीकरण, विपद् प्रतिरोधी पूर्वाधार निर्माण र कृषकहरूलाई जलवायु अनुकूलन प्रविधिमा अनुदान उपलब्ध गराउँदै विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई प्रादेशिक प्राथमिकताको अभिन्न अङ्ग बनाइनेछ।

## (छ) शान्ति सुरक्षा, सञ्चार र कानुनी सुधारः

३८. प्रदेशको समग्र सुरक्षा व्यवस्थालाई चुस्त र प्रविधिमैत्री बनाउन मुख्य सहर र राजमार्गहरूमा एकीकृत स्मार्ट निगरानी प्रणाली जडान गरिनेछ।

३९. विपद्को समयमा नागरिकको जीवन रक्षा र तत्काल उद्धारका लागि तालिमप्राप्त जनशक्तिसहितको प्रादेशिक द्रुत उद्धार कार्यदल गठन गरिनेछ।

४०. सूचना प्रविधिको बढ्दो प्रयोगसँगै हुनसक्ने साइबर अपराध न्यूनीकरण गर्न नागरिक स्तरमा डिजिटल साक्षरता र साइबर सुरक्षा सचेतना अभियान सञ्चालन गरिनेछ।

४१. प्रदेशका कानुनहरूलाई जनमुखी बनाउन कानुन तर्जुमा गर्दा विद्युतीय माध्यमबाट आम नागरिकको सुझाव र पृष्ठपोषण लिने प्रणालीलाई अनिवार्य गरिनेछ।

## (ज) खेलकुद विकासः

४२. युवाहरूलाई खेलकुदप्रति आकर्षित गर्न र स्थानीय स्तरबाटै प्रतिभा पहिचान गर्न प्रत्येक स्थानीय तहमा सुविधासम्पन्न खेल मैदान निर्माण कार्य अगाडि बढाइनेछ।

४३. प्रदेशमा प्रस्तावित राष्ट्रिय खेलकुदलाई सफलतापूर्वक सम्पन्न गर्न आवश्यक पर्ने अन्तर्राष्ट्रिय स्तरको रङ्गशाला लगायतका पूर्वाधार निर्माण द्रूत गतिमा गरिनेछ।

४४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूको मनोबल उच्च राख्न विशेष प्रोत्साहनको व्यवस्था गरिनेछ।

४५. खेलकुदलाई व्यावसायिक बनाउन र खेलाडीहरूको भविष्य सुरक्षित गर्न पदक विजेता खेलाडीहरूका लागि जीवन निर्वाह भत्ता उपलब्ध गराइनेछ।

## (झ) सहकारी नियमन र वित्तीय सुशासनः

४६. सहकारी क्षेत्रमा देखिएको वित्तीय विचलन र नागरिकको बचत रकम हिनामिना गर्ने प्रवृत्तिलाई पूर्ण रूपमा नियन्त्रण गर्न शून्य सहनशीलताको नीति अख्तियार गरिनेछ।

४७. सहकारी संस्थाहरूको वित्तीय सुशासन र पारदर्शिता सुनिश्चित गर्न सबै सहकारीलाई एकीकृत प्रादेशिक डिजिटल नियमन तथा अनुगमन प्रणालीमा आबद्ध गरिनेछ।

४८. डिजिटल प्रणालीमार्फत सहकारीको कर्जा प्रवाह र तरलता अवस्थाको प्रत्यक्ष अनुगमन गरी सम्भावित सङ्कट आउनुपूर्व नै नियन्त्रण गर्ने संयन्त्र विकास गरिनेछ।

४९. सहकारीलाई अनुत्पादक क्षेत्र र घरजग्गा कारोबारमा लगानी गर्न पूर्णतः निरुत्साहित गर्दै कृषि र उत्पादनमूलक उद्यमशीलतामा मात्र पुँजी परिचालन गर्न अनिवार्य गरिनेछ।

## (ञ) सुशासन, सार्वजनिक खर्च व्यवस्थापन र प्रशासकीय सुधारः

५०. सरकारी कामकाजमा हुने ढिलासुस्ती अन्त्य गर्न फाइल नरोकिने नीति कडाइका साथ लागू गरिनेछ भने गुनासो सुन्न प्रविधिमैत्री एप र च्याटबोटसहितको पोर्टल सञ्चालन गरिनेछ। नयाँ सवारी साधन खरिदमा रोक लगाउँदै प्रशासनिक संरचना र मन्त्रिपरिषद्को आकार घटाई अनुत्पादक खर्च कटौती गरिनेछ।

५१. कर्मचारीले प्राप्त गर्ने प्रोत्साहन भत्तालाई निजको मासिक कार्यसम्पादनसँग प्रत्यक्ष रूपमा आबद्ध गर्दै लक्ष्य प्राप्त नगर्नेलाई भत्ता नदिने व्यवस्था गरिनेछ। निश्चित अवधि पूरा नभई कर्मचारीको सरुवा नगरिने र आयोजना प्रमुखको सरुवालाई रोक लगाउँदै स्वचालित डिजिटल सरुवा प्रणाली लागु गरिनेछ।

५२. आर्थिक वर्षको अन्त्यतिर बजेट खर्च गर्ने प्रवृत्तिको अन्त्य गर्न वर्षको सुरुवातमै आयोजनाहरूको खरिद प्रक्रिया सुरु गर्ने नीति लागू गरिनेछ। विकास आयोजनाहरूको प्रगति प्रत्यक्ष अनुगमन गर्न डिजिटल ड्यासबोर्ड सञ्चालनमा ल्याइनेछ।

५३. प्रदेशको वित्तीय स्वायत्तता सुदृढ गर्न र वित्तीय सङ्घीयतालाई प्रभावकारी बनाउन आन्तरिक स्रोत परिचालनलाई उच्च प्राथमिकतामा राखिनेछ। करको दायरा विस्तार, राजस्व प्रशासनको पूर्ण डिजिटलाइजेसन र पारदर्शी प्रणालीमार्फत कर चुहावट नियन्त्रण गर्दै सम्भाव्य नयाँ कर तथा गैरकरका क्षेत्रहरूको पहिचान गरी प्रदेशको आन्तरिक राजस्व सङ्कलन क्षमतालाई उल्लेखनीय रूपमा वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।

**माननीय सभामुख महोदय,**

आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटले मुलुकका विद्यमान आर्थिक चुनौतीहरूलाई सम्बोधन गर्दै समुन्नत प्रदेशको दिगो आधार तयार गर्नेछ। प्रस्तुत विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता उपर माननीय सदस्यहरूका बिच गहन रूपमा छलफल भई प्राप्त हुने रचनात्मक सुझावहरूलाई आगामी आर्थिक वर्षको बजेट निर्माणको मार्गदर्शकका रूपमा ग्रहण गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

**धन्यवाद !**